६३।१।२४
विवेक खनाल
लेखा अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

**सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगरको**

**हाटबजार सेवा शुल्क तथा पार्कीङ्ग शुल्क उठाउने सम्बन्धी सिलवन्दी बोलपत्र आब्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७३।०१।२५ गते**

स्थानीय स्वायत्त शासन ऐन २०५५, ऐ. नियमावली २०५६ (संशोधन सहित) र स्थानीय निकाय (आ.प्र.) नियमावली २०६४ अनुसार यस सिद्धार्थनगर नगरपालिका अन्तर्गत वडा नं. ५ र १३ मा रहेको हाटबजारमा हप्ताको दुई दिन आईतवार र बिहिवार पसल थापी बस्ने व्यवसायीहरुसंग हाटबजार शेवा शुल्क तथा साईकल,मोटरसाईकलबाट पार्किङ्ग शुल्क अशुली कार्य आर्थिक वर्ष २०७३/०७४ का लागि ठेक्काबाट गर्नु/ गराउनु पर्ने भएकोले वार्षिक (१२ महिनाको) मुल्य अभिवृद्धि कर बाहेक न्यूनतम रु ३३,००,०००।- (तैतिस लाख) मा नघट्ने गरी इच्छुक व्यक्ति वा फर्मले मुल्य अभिवृद्धि करमा दर्ता भई नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि तथा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी आफूले लिन चाहेको अङ्क खोली देहायका शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन आब्हान गरिन्छ ।

**शर्तहरु :–**

१) बोलपत्र फाराम र शर्तहरुको सुची यस कार्यालयको राजश्व शाखाबाट रु १०००।– (पछि फिर्ता नहुने गरी ) तिरी खरिद गर्न सकिने छ ।

२) बोलपत्रदाताले निवेदन दस्तुर वापत रु.५।– (पांच रुपैया) नगद सहित कवोल गर्ने कुल रकमको ५% (पांच प्रतिशत) धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक लि., सिद्धार्थनगर स्थित धरौटी खाता नं (ग-३)०४-१४६-०१०१५०७९-०३-२ मा जम्मा गरेको सक्कल बैंक भौचर/ नगद वा ने.रा.बैंकबाट मान्यता प्राप्त बैंकको ७५ दिनको म्याद भएको बिडबण्ड पेश गर्नु पर्ने छ ।

३) यस नगर क्षेत्रभित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ । नगर क्षेत्र भन्दा बाहिर स्थायी ठेगाना भएका फर्महरुको हकमा चालु वर्षको व्यवसाय कर दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

४) बोलपत्र स्वीकृतिको सूचना पाएको वा घरदैलोमा सुचना टांस भएको मितिले ७ (सात) दिन भित्र ठेकका अङ्कको प्रथम किस्ता ( चार महिनाको एक किस्ता ) रकम दाखिला गरी बांकी किस्ताको लागी ठेक्का अवधीभर मान्य अवधी रहेको बैंक ग्यारण्टी पेश गरी पट्टा उठाउनु पर्ने छ । तोकेको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

**५) बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान :–**

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औं दिन दिनको कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र सि.न.न.पा. कार्यालयको राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

**६) बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान :–**

क) प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट सोही समय सम्म, सि.न.न.पा.कार्यालयमा बोलपत्र दर्ता गर्न सकिनेछ ।

**७) बोलपत्र खोलिने स्थान, मिति र समय :–**

क) बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिनको १:०० बजे सि.न.पा. कार्यालयमा बोलपत्र खोलिने छ ।

ख) दर्ता भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८) कार्यालयबाट बिकी नभएको ,बोलपत्रदाताको दस्तखत नभएको र शर्त राखी पेश भएको बोलपत्र स्वीकृत हुने छैन ।

९) नगरपालिकाले तोकेको दर-रेटमा तथा तोकेको स्थानमा मात्र ठेकेदारले शुल्क उठाउन पाउने छ । तोकेको स्थान र दररेट बिपरीत शुल्क उठाएको पाइएमा प्रत्येक पटक रु.१०००।–(एक हजार) जरिवाना लगाई असूल गर्न सकिनेछ ।

१०) ठेकेदारले न.पा.ले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु न.पा.ले तोकेको नमुना अनुसार आफ्नै तर्फबाट छपाई सो रसिदहरु न.पा.कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणीत नगरेको रसिदबाट शुल्क अशुली गरेको उजुरी वा जानकारी आएमा प्रत्येक पटक रु.१०००।–(एक हजार) सम्म जरिवाना गर्न सकिनेछ ।

११) रीत नपुगी वा म्याद नाघी आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

१२) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३) यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१४) व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउंदा मूल्य अभिवृद्धि कर मा दर्ता गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

१५) बन्द, हडताल, चक्का जाम आदि जस्तो सुकै अवस्थामा पनि ठेक्का अंकमा कुनै छुट वा मिनाहा दिइने छैन ।

१६) कबुल रकम एकमुष्ठ बुझाएमा १० (दश) प्रतिशत छुट दिइने छ ।

१७) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्न परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

०६३।०१।२४